# नेपाल पत्रकार महासंघ

प्रतिष्ठान प्रदेश निर्वाचन समिति, २०७७

*प्रकाशित मितिः २०७७।१२।२२*

# सूचना

विभिन्न सञ्चारगृहमा आवद्ध ४१ प्रतिष्ठान शाखाका दुई हजारभन्दा बढी पत्रकार यही २०७७ चैत्र २५ गते हुने केन्द्र, प्रदेश र आ–आफ्नो प्रतिष्ठान शाखा समितिका लागि हुने निर्वाचनमा सहभागी हुँदैछन् । उम्मेदवारी मनोनयन लगायतका निर्वाचन कार्यक्रमको सूचना पहिला नै प्रकाशित भइसकेको छ । निर्वाचन प्रक्रियाका सम्बन्धमा थप स्पष्ट गराउन यो सूचना प्रकाशित गरिएको छ :

१. स्थानीय स्वायत्तता सिद्धान्तको सम्मान गर्दै हरेक प्रतिष्ठानमा केन्द्र, प्रदेश र सम्बद्ध प्रतिष्ठान शाखाको निर्वाचन हुनेछ । निर्वाचन प्रतिष्ठानमै गठन गरिएको तीन सदस्यीय निर्वाचन समितिले गराउनेछ ।

२. प्रतिष्ठान शाखा निर्वाचन समिति आफ्नो निर्वाचन कार्यक्रम प्रतिष्ठान प्रदेश निर्वाचन समितिसँग समन्वय गरी हेरफेर गर्न स्वतन्त्र छ । तर, २०७७ चैत्र २५ गतेको निर्वाचन समय र कार्यक्रम भने परिवर्तन हुनेछैन ।

३. प्रतिष्ठान शाखा निर्वाचन समितिले आफ्नै प्रकाशन गृह परिसर वा बाहिर कुनै उपयुक्त स्थानमा निर्वाचन गराउन सक्नेछ ।

४. चैत्र २५ गतेको निर्वाचनमा रहने केन्द्र, प्रदेश र प्रतिष्ठान शाखाका तीन मत पेटिकामध्ये सम्बद्ध प्रतिष्ठान शाखाको मत पेटिकाका मतपत्रको

गणना सम्बद्ध शाखाकै निर्वाचन समितिले गर्नेछ भने बाँकी दुई मत पेटिका साँझ ५.०० बजे मतदान समय सकिएपछि पत्रकार महासंघको केन्द्रीय कार्यालय, सिनामंगलमा रहेको प्रतिष्ठान प्रदेशको कार्यालयमा ल्याइने छ ।

५. यसरी मत पेटिका ल्याउँदा मुचुल्का तयार पारी प्रतिष्ठान शाखा निर्वाचन समितिका तीन सदस्यमध्ये कम्तीमा एक सदस्यसहित उम्मेदवारका अन्य दुई प्रतिनिधिको जिम्मामा उपयुक्त सवारी साधनको प्रयोग गरिनेछ । मत पेटिका प्रतिष्ठान प्रदेश निर्वाचन समितिका सदस्यले बुझ्नेछन् ।

६. अमुक प्रतिष्ठान शाखामा केन्द्र र प्रदेश कार्यसमितिबाट कसलाई कति मत खस्यो भन्ने गोप्यता कायम राख्न कम्तीमा तीन प्रतिष्ठान शाखाबाट आएका मतपेटिकाको मत मिसाएर मात्र गणना सुरू गरिनेछ ।

७. मत गणना कार्यका लागि मत पेटिका लिएर आएका प्रतिष्ठान शाखाका निर्वाचन समिति सदस्यहरूको एक कार्यदल रहनेछ । यस कार्यदललाई प्रतिष्ठान प्रदेशका निर्वाचन समिति सदस्यहरूले सघाउनेछन् ।

८. प्रतिष्ठान शाखा निर्वाचन समितिका बाँकी सदस्यले केन्द्र र प्रदेशको मत पेटिका प्रतिष्ठान प्रदेश कार्यालयमा पठाएपछि मात्र प्रतिष्ठान कार्य समितिको मत पेटिकाको मत गणना कार्य सुरू गर्नेछन् ।

९. चैत्र २५ गते मतदानका दिन मतदान स्वच्छ, निष्पक्ष र कुनै पनि प्रकारको अवरोधरहित होस् भन्ने उद्देश्यले केन्द्रीय निर्वाचन समिति, प्रतिष्ठान प्रदेश निर्वाचन समितिका सदस्यहरू प्रतिष्ठान शाखाको निर्वाचन कार्यक्रम अवलोकन निरीक्षणमा आउनेछन् । उनीहरूलाई सघाउनु प्रतिष्ठान शाखा निर्वाचन समितिको कर्तव्य हुनेछ ।

१०. प्रतिष्ठान शाखा निर्वाचन समितिले कुनै सहयोग चाहिएमा प्रतिष्ठान प्रदेश निर्वाचन समितिलाई तत्काल फोन वा अन्य माध्यमद्वारा अनुरोध गर्न वा जानकारी गराउन सक्नेछ ।

**<u>प्रतिष्ठान प्रदेश निर्वाचन समितिका तर्फबाट</u>**

| | | |
|---|---|---|
| राजन कुइँकेल (संयोजक) | ९८४१२९७७९२ | |
| रोहित दाहाल (सदस्य) | ९८५११८३७५१ | |
| झल विश्वकर्मा (सदस्य) | ९८५१०४१६३२ | |